# साप्ताहिक गतिविधि

वर्ष १ अङ्क २ २०७६ माघ २६ आइतबार



## सम्पादकीयः

### आयोडिन सम्बन्धी महिनाव्यापी कार्यक्रम

मानव शरिरमा आयोडिनको मात्रा कमी हुनाले गलगाँड आउने, बालबालिकामा मानसिक विकास मन्द हुने, बौद्धिक क्षमतामा कमी आउने, लाटो लठेब्रोपन बालबालिकाको मृत्युसमेत हुने भएकाले हाम्रो खानामा आयोडिनयुक्त नुन प्रयोग महत्वपूर्ण छ । यद्यपी गाउँघरमा आयोडिन नुन तीतो हुने, स्वादिष्ट नहुने जस्ता कुरा प्रचार गरेर ढिके नुन नै सेवन गरिरहेको प्रशस्त पाइन्छ ।

नेपालमा प्राकृतिक स्रोतबाट आयोडिन पर्याप्त मात्रामा नपाइने हुनाले यसको कमीले मानिस र जनावरमा हुने विकृतिहरु नियन्त्रण गर्न नेपाल सरकारले पनि विभिन्न प्रयासहरु गर्दै आइरहेको छ । यस्तो समस्या समाधानका लागि नेपाल सरकारले सबै नेपालीमा आयोडिनयुक्त नुनको पहुँच बढाउने नीति बमोजिम सही मात्रामा आयोडिनयुक्त नुन "दुई बालबालिका"को चिन्ह भएको प्याकेटको नुन साल्ट ट्रेडिङ कर्पोरेशनको माध्ययमबाट र खुद्रा व्यापारीबाट वितरण बिक्री गरिरहेको छ ।

आयोडिन कमी भएका विश्वका १३० देशहरुमा आयोडिनको कमीले हुने खराबी तथा विकृतिहरु बारे जानकारी दिई नियन्त्रण गर्ने उपायका बारेमा जनचेतना जगाउन हरेक वर्ष अंग्रेजी फेब्रुअरी महिनालाई विशेष महिनाको रुपमा मनाइदै आएको छ । विविध कार्यक्रम मार्फत आयोडिन महिनाका रुपमा भव्य रुपमा मनाई आयोडिनको महत्व र यसको कमीबाट हुन सक्ने सम्भावित घाटाका बारेमा गाउँ गाउँका जनस्तरसम्म प्रचार प्रसार गर्न सकिएको खण्डमा मात्र यसले सार्थकता पाउनेछ न कि केन्द्रिकृत अन्तरक्रिया कार्यक्रम ।

**प्रकाशकः**

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश नेपाल

## रुकुमेली समाज विकास केन्द्रद्वारा जेहेन्दार बालबालिकालाई शैक्षिक सामाग्री वितरण



*२१ माघ २०७६*

TDH/BMZ जर्मन सरकारको आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्रद्वारा सञ्चालित खाद्य सुरक्षा तथा वातावरणमैत्री लघुउद्यम प्रवर्द्धन कार्यक्रम अन्तर्गत भूमे गाउँपालिका वडा नं. २ त्रिवेणी माद्यामिक विद्यालय काँक्रीमा गरिब तथा जेहेन्दार बालबालिकाहरुलाई एक कार्यक्रमबीच शैक्षिक सामग्री वितरण कार्य सम्पन्न भएको छ। खाद्य सुरक्षा तथा वातावरणमैत्री लघुउद्यम प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५ वटा विद्यालयका ११५ जना गरिब तथा जेहेन्दार छात्र तथा छात्राहरुलाई स्कुल ब्याग सहित ड्रेस र स्टेशनरी सामाग्री र ५ वटा बालक्लबलाई खेलकूद सामाग्री वितरण गरिएको छ।

त्रिवेणी माद्यामिक विद्यालय व्यवस्थापन समिति काँक्रीका अध्यक्ष पृथी बहादुर बुढाको अध्यक्षतामा भएको कार्यक्रममा भूमे गाउँपालिकाका अध्यक्ष रामसुर बुढाको प्रमुख आथित्यता रहेको उक्त कार्यक्रममा भूमे गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष नर बहादुर बुढा, वडा सदस्य जैकुमार बुढा, रुकुमेली समाज विकास केन्द्र रुकुमका अध्यक्ष नर बहादुर नेपाली, कोषाध्यक्ष रमा गौतम, कार्यक्रम संयोजक उत्तम अर्याल लगायतको आथित्यता रहेको थियो। उक्त कार्यक्रमको संचालन फिल्ड सुपरभाइजर रन्जना वि. क.ले गर्नु भएको थियो ।

# उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिकाको अपिल!

१) कारोबारस्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान किन्ने गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा गाउँपालिका वा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा यस गाउँपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

## आशा कार्यक्रमको गाउँपालिकास्तरीय समन्वयात्मक बैठक सम्पन्न

IFAD को सहयोगमा वन तथा वातावरण मन्त्रालय अन्तर्गतको पहाडी साना किसानका लागि अनुकूलन आयोजना (ASHA) द्वारा भूमे गाउँपालिकामा गाउँपालिका स्तरीय समन्वयात्मक बैठक सम्पन्न भएको छ ।



आयोजनाको स्वीकृत कार्यक्रम बमोजिम चालु आर्थिक वर्ष २०७६।०७७ मा वडा नं. १ देखि वडा नं. ८ सम्मको कार्य क्षेत्रमा आयोजनाको अनुदान रु. ७ करोड १२ लाख र समुदायको सहलगानी रु. २ करोड २३ लाख समेत गरी जम्मा रु. ९ करोड ३५ लाख बराबरको योजनाहरु छानिएका छन् । स्थानीय अनुकूलन कार्ययोजना (LAPA) कार्यान्वयनका लागि आयोजनाले पूर्वाधार विकास र आय आर्जन सम्बन्धी गरी दुई किसिमको योजना कार्यान्वयन गर्दछ । जसअन्तर्गत क्रियाकलाप नं. २.१ मा जलवायु अनुकूलित सामुदायिक पूर्वाधार निर्माण, भू-व्यवस्थापन, सञ्चालनका लागि सहयोग अनुदानतर्फ आयोजनाको ८० प्रतिशत अर्थात रु. ४ करोड ९ लाख साठी हजार र समुदायको सहलगानी २० प्रतिशत अर्थात १ करोड २ लाख चाली हजार तथा क्रियाकलाप नं. २.२ साना किसानका लागि जलवायु अनुकूलन लाभदायक उत्पादन सहयोग अनुदानतर्फ आयोजनाको ७० प्रतिशत अर्थात ३ करोड २ लाख चालीस हजार र समुदायको सहलगानी ३० प्रतिशत अर्थात १ करोड २९ लाख साठी हजार को आयआर्जन सम्बन्धी कार्यक्रम कार्यान्वयन हुनेछ ।

पहाडी साना किसानका लागि अनुकुलन आयोजना अन्तर्गत वडा नं. १ देखि ८ सम्म क्रियाकलाप नं. २.1 पूर्वाधारतर्फ सुधारिएको चुल्हो, ढल व्यवस्थापन, खानेपानी मुहान संरक्षण, वृक्षारोपन, सिंचाई, कुलो निर्माण तथा मर्मत सम्बन्धी योजनाहरु छनौट भएका छन् भने क्रियाकलापन नं. २.२ आयआर्जनतर्फ तरकारी खेती, पशुपालन, मौरीपालन, जडिबुटी खेती, फलफूल खेती, वन पैदावार, माछापालन जस्ता योजनाहरु छनौट भएका छन् ।

आशा कार्यक्रमबाट गत आर्थिक वर्ष २०७५।०७६ मा वडा नं. ४ र ५ मा मात्र सञ्चालित थियो भने चालु आर्थिक वर्षमा कार्यक्षेत्र विस्तार गर्दै वडा नं. १ देखि ८ सम्म पुऱ्याइएको हो । उक्त कार्यक्रम सन् २०२१ सम्म सञ्चालन हुनेछ । आयोजनाबाट सञ्चालन हुने कार्यक्रम तथा योजनाहरु स्थानीय तहले लिएका प्राथमिकता बमोजिम कार्यान्वयन होस्, दोहोरोपना नहोस् र कार्यान्वयनमा स्थानीयको अपनत्व भई

प्रभावकारिता र दिगोपना होस् भन्नका लागि गाउँपालिकास्तरीय समन्वयात्मक बैठक आयोजना गरिएको उक्त आयोजनाका जिल्ला संयोजक परशुराम पौडेलले जानकारी दिनुभयो ।

गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरको अध्यक्षतामा सञ्चालित कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, वडा नं. २ का वडाध्यक्ष नरबहादुर बुढा, वडा नं. ३ का वडाध्यक्ष दिलमान रोका, वडा नं. ४ का वडाध्यक्ष चक्कबहादुर बुढामगर, वडा नं. ५ का वडाध्यक्ष टेक प्रसाद बुढा मगर, वडा नं. ६ का वडाध्यक्ष देव बहादुर बुढामगर, वडा नं. ७ का वडाध्यक्ष धनमान रोका, वडा नं. ८ का वडाध्यक्ष पञ्चबहादुर रोका, आशा आयोजनाका जिल्ला संयोजक परशुराम पौडेलको आतिथ्यता र आशा कार्यक्रमका कर्मचारीहरु, जनप्रतिनिधि तथा गाउँपालिका कार्यालयका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रमका बारेमा प्रस्तुतिकरण तथा उठेका जिज्ञासाहरुको सहजीकरण जिल्ला आयोजना संयोजक परशुराम पौडेलले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन रुकुमेली समाज विकास केद्रका टेक बहादुर वलीले गर्नुभएको थियो ।

## यो साताको शाखागत प्रगति

| शाखा/इकाई/केन्द्र | मुख्य मुख्य कामको विवरण |
|---|---|
| आर्थिक प्रशासन शाखा | • *विभिन्न योजना तथा कार्यक्रमहरुको २५ वटा भुक्तानी*<br>• *कोष तथा लेखा नियन्त्रक कार्यालय रुकुम (पूर्व) हालसम्मको खर्चको विवरण र निकासा माग पठाइएको ।* |
| **सामाजिक विकास शाखा** | |
| क) स्वास्थ्य इकाई | • *दादुरा रुबेला सम्बन्धी FCHV को वडा स्तरीय अभिमुखीकरण*<br>• *दादुरा रुबेला खोप अभियान बारे स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमुखीकरण*<br>• *किशोर किशोरी यौन तथा प्रजनन् कार्यक्रम लागू भएका स्वास्थ्य चौकी (महत र चुनवाङ) लाई प्रमाणीकरण गर्नका लागि रुकुमकोटमा भएको अभिमुखीकरण कार्यक्रममा भाग लिइएको*<br>• *स्वच्छता परियोजना र स्वास्थ्य इकाईको संयुक्त टोलीद्वारा महत स्वास्थ्य चौकीमा अनुगमन* |
| ख) महिला, बालबालिका तथा समाज कल्याण इकाई | • *जनशक्ति नभएको* |
| ग) सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई | • *११ जनाको लगत कट्टा*<br>• *सामाजिक सुरक्षा भत्ता अभिलेखमा छुटेका नामहरुको अद्यावधिक*<br>• *घटना दर्ता किताब excel entry कार्य भैरहेको* |
| **पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा** | |
| क) भवन तथा मापदण्ड कार्यान्वयन इकाई | • *घर सम्पन सिफारिशका लागि निवेदन दर्ता (प्रक्रियामा)* |
| ख) सडक तथा अन्य पूर्वाधार | • *६ वटा साना आयोजनाहरुको लागत अनुमान तयारी* |

| | |
|---|---|
| विकास इकाई | • कुचिवाङ कोर्जा सडक सर्वे<br>• महत खानेपानी तथा नैराबाङ खानेपानी सर्वे<br>• सेरावाङ र साकिममा विलालय भवन निर्माणको लागत अनुमान तयारीका लागि फिल्ड सर्भे |
| ग) वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन इकाई | • खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बमोजिम ५ वटा वडाहरुमा सघन कार्यक्रम अन्तर्गत डस्टबिन स्थापना<br>• भूमे गाउँपालिका १ र २ मा सरसफाई कार्ययोजना कार्यान्वयन सम्बन्धी संयुक्त अनुगमन |
| प्रशासन, योजना तथा अनुगमन शाखा | |
| क) प्रशासन इकाई | • द्वन्द्व पीडित नागरिकहरुलाई स्वरोजगार बनाउने उदेश्यले आर्थिक मामिला तथा कानुन मन्त्रालय,प्रदेश न.५ को पत्रानुसार द्वन्द्व पीडितको फाराम भरी पठाउने सम्बन्धमा सबै वडालाई परिपत्र<br>• अनाथ बालबालिकाको तथ्याङ्क संकलन कार्यक्रम अन्तर्गत सबै वडालाई परिपत्र गरिएकोमा ४ नं. वडा कार्यालयले ६ जना बालबालिकाहरुको नाम संकलन गरी गाउँपालिकामा पठाएको<br>• १६-२४ उमेर समूहका युवाहरु बीच हुने वक्तृत्वकला प्रतियोगितासम्बन्धी जानकारी दिन सूचना पाटीमा सूचना टाँस गरिएको |
| ख) राजस्व इकाई | • गाउँ कार्यापालिकाको कार्यालयबाट विभिन्न सेवा बापत रु.१०,१५०।— राजस्व आम्दानी बैंक दाखिला गरिएको |
| ग) योजना तथा अनुगमन इकाई | • ६ वटा योजनाहरुको अनुगमन सम्पन्न<br>• हालसम्म वडा नं १, ३, ४, ५ र ८ को उपभोक्ता समिति विवरण अद्यावधिक<br>• योजना कार्यान्वयनका क्रममा देखिएका समस्याहरु समेटी अपनाउनुपर्ने कार्यविधि/प्रक्रियाहरुको बारेमा परिपत्र |
| घ) कानूनी मामिला इकाई | • पछिल्लो राजपत्र प्रकाशनको तयारी भैरहेको |
| शिक्षा, यूवा तथा खेलकूद शाखा | • कक्षा ८ को परीक्षाका लागि फाराम वितरण<br>• शिक्षक सरुवा सिफारिश<br>• शिक्षकहरुको नपुग तलबभत्ता माग |
| सूचना तथा अभिलेख केन्द्र | • मन्त्रालय, विभाग तथा अन्य कार्यालयबाट प्राप्त पत्र, परिपत्र तथा सूचनाहरु सम्बन्धी पदाधिकारी/कर्मचारी तथा शाखाहरुमा पेश<br>• द्वन्द्व पीडितको फाराम भरी पठाउने, वक्तृत्वकला प्रतियोगितासम्बन्धी जानकारी र अनाथ बालबालिकाको तथ्याङ्क संकलन कार्यक्रमका लागि वेभसाइटमा सूचना अद्यावधिक गरिनुको साथै प्रत्येक वडामा फोन मार्फत फलोअप गरिएको<br>• वेभसाइटका छुटेका व्यक्तिको PIS update |

| | |
|---|---|
| | • *सामाजिक सुरक्षाको बैंकमा खाता खोलेका/नखोलेका व्यक्तिहरुको System मा रुजु गर्ने काम भएको* |
| कृषि सेवा केन्द्र | • *विभिन्न स्थानका लागि ७ वटा प्लाष्टिक टनेल वितरण*<br>• *२ वटा नयाँ कृषि फर्म दर्ता*<br>• *९ वटै वडामा हिउँदे फलफूलका विरुवा वितरणसम्बन्धी सूचना पठाइएको*<br>• *१०५ वटा स्याउ विरुवा वितरण, ३६ वटा दाँते ओखरको विरुवा वितरण*<br>• *ओली एग्रोभेट र भूमे गाउँपालिकाबीच साना सिंचाईका लागि सम्झौता सम्पन्न*<br>• *लुकुमको साना सिंचाई अनुगमन*<br>• *हाते आरी २ वडा वितरण*<br>• *सिमामा मागमा आधारित कार्यक्रमको अनुगमन*<br>• *भूमे-८, कुचिवाङ, पाछावाङमा साना सिंचाई आयोजनाको अनुगमन*<br>• *लुकुम, काँक्रीमा मागमा आधारित कार्यक्रमको अनुगमन* |
| पशु सेवा केन्द्र | • |
| बहुक्षेत्रीय पोषण योजना कार्यक्रम | • |
| खानेपानी तथा सरसफाई योजना (वास) इकाई | • *हालसम्म ३०० वटा फाराम मोवाइल एप mWater प्रणालीमा प्राप्त भई १०० वटा सम्पादन भएको*<br>• *सबै वडाका गणकहरुलाई फोन गरी तथ्याङ्क संकलन शीघ्र गर्न तथा नबुझेको सोध्न समन्वय भैरहेको* |

**अपाङ्गता हुनु कुनै पूर्वजन्मको कर्मको फल वा अभागी केही पनि होइन।**
**सपाङ्ग व्यक्ति जो कोही पनि अपाङ्ग हुन सक्छ; अपाङ्गता हुनुका केही कारणहरु :**

| शिशु जन्मने क्रममा हुने कारणहरु | शिशु जन्मेपछिका कारणहरु | शिशु जन्मनु अघिका कारणहरु |
|---|---|---|
| • बच्चा जन्मने क्रममा सङ्क्रमण हुनु | • समय नपुगिकन बच्चा जन्माउनु | • गर्भवती आमाले पोषणयुक्त खाना खान नपाउनु |
| • व्यथा लाग्ने एवं पिडादायक हुनु | • बच्चा जन्मेको २ मिनेट भित्र सास नफेर्नु | • गर्भवती आमाले जथाभाभी औषधीको सेवन गर्नु |
| • बच्चा जन्मने क्रममा चोटपटकहरु लाग्नु | • कुपोषण र धेरै समयसम्म स्तनपान गर्न नपाउनु | • चोटपटक लाग्नु |
| • सुत्केरी व्यथा छोटो पार्न सुईको बढी प्रयोग गर्नु | • समयमै खोप नलगाउनु | • गर्भवती आमालाई दादुरा लाग्नु |
| • औजारहरुको प्रयोगबाट शिशु जन्मनु | • दर्घटनाहरु हुन जस्तै पोलाई,सडक दुर्घटना। | • १८ वर्ष मुनि र ३८ वर्ष माथि पहिलो पटक गर्भवती हनु। |
| • फोहोर ठाँउमा प्रशव गर्नु गराउनु | • जथाभावी औषधीको सेवन गर्नु | • गर्भवती आमाले बढी मात्रामा एक्सरे गर्नु |
| | • शल्य चिकित्साको गलत प्रयोग | • विषाक्त खाने कुराहरु सेवन गर्नु |
| | • युद्धको प्रभाव | • नजिकको नातेदारसंग विवाह गर्नु |
| | • वंशाणुगत एवं जन्मजात कारणहरु | • जन्मजात तथा वंशाणुगत कारणहरु |

## *हामीले दैनिक बोलचालमा प्रयोग गर्ने भाषा वा शब्दले अपाङ्गता भएका व्यक्तिको चित्त दुखेको त छैन !*

## अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बोधन गर्दा प्रयोग गर्नुपर्ने मर्यादित/सही शब्दावली :

| क्र.स. | गलत (अमर्यादित शब्द) | | क्र.स. | सही (मर्यादित)शब्द | |
|---|---|---|---|---|---|
| १ | असामान्य विशेष क्षमता भएका र फरक क्षमता भएका | × | १ | अपाङ्गता भएका व्यक्ति | √ |
| २ | सामान्य स्वास्थ्य | × | २ | अपाङ्गता नभएका व्यक्ति | √ |
| ३ | लुलो, कुँजो, खोरेन्डो, बामपुड्के, डुँडो, बाउन्नवीर र खुडें | × | ३ | शारीरिक अपाङ्गता भएको व्यक्ति | √ |
| ४ | कानो र अन्धो | × | ४ | दृष्टिविहिन, न्यून दृष्टियुक्त | √ |
| ५ | बहिरो र वक्क लाटो | × | ५ | बहिरा व्यक्ति, सुस्त श्रवण | √ |
| ६ | लठेब्रो, गोज्याङग्रो र सुस्त मनस्थिति | × | ६ | बौद्धिक अपाङ्गता भएका व्यक्ति | √ |
| ७ | भकभके / हकला | × | ७ | स्वर बोलाई सम्बन्धि अपाङ्गता भएका व्यक्ति | √ |
| ८ | पगल, बौलाह | × | ८ | मनोसामाजिक अपाङ्गता भएका व्यक्ति | √ |
| ९ | लाटो अन्धो | × | ९ | श्रवण–दृष्टिविहिन | √ |
| १० | बुढा/बुढी | × | १० | जेष्ठ नागरिक | √ |
| ११ | विधवा | × | ११ | एकल महिला | √ |